सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः॥
gorkhapatraOnline.com
गोरखापत्र अनलाइन डटकम

# बबरगञ्जमा बर्थिङ सेन्टर स्थापना

▪ सर्लाही समाचारदाता

सर्लाही, जेठ २७ गते। सर्लाहीको दक्षिण-पूर्वी भेगमा पर्ने चन्दनगर गाउँपालिका-२, बबरगञ्जमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको छ।

गाउँपालिकाको निरन्तरको प्रयासपछि स्थापना गरिएको बर्थिङ सेन्टरको सोमबार बिहान प्रदेशसभा सदस्य उपेन्द्र महतोले उद्घाटन गर्नुभयो। स्वास्थ्य चौकीमै बर्थिङ सेन्टर स्थापना भएपछि स्थानीय गर्भवतीलाई प्रसूति गराउन अन्यत्र लानुपर्ने बाध्यता टरेको भन्दै गाउँलेले खुसी व्यक्त गरेका छन्।

प्रदेशसभा सदस्य महतोले अझै पनि मधेसका भित्री गाउँमा गर्भवतीलाई प्रसूति गराउन अस्पताल नलाने गरिएको भन्दै गाउँमै स्थापना भएको बर्थिङ सेन्टरबाट भने स्थानीय महिलाले सेवा लिने विश्वास व्यक्त गर्नुभयो।

गर्भवतीलाई प्रसूति गराउन कच्ची सडक हुँदै घण्टौँ लगाएर अन्यत्र लानुपर्दा जोखिम हुने भए पनि अब गाउँमै बर्थिङ सेन्टर भएपछि यहाँका गर्भवतीको ज्यानको समेत सुरक्षा हुने प्रदेशसभा सदस्य महतोको भनाइ छ।

चन्दनगर गाउँपालिकाका अध्यक्ष महेन्द्र महतोले गर्भवतीलाई प्रसूति गराउन आवश्यक पर्ने उपकरणहरू गाउँपालिकाबाटै व्यवस्था गरेर बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको बताउनुभयो।

उहाँले तत्कालका लागि स्वास्थ्य चौकीकै अनमी र स्विपरबाट बर्थिङ सेन्टर सञ्चालनको व्यवस्था मिलाइएको जानकारी दिनुभयो। बर्थिङ सेन्टर उद्घाटनका अवसरमा स्थानीय दुर्गा खोभारी जनता माध्यमिक विद्यालय बबरगञ्जका छात्रालाई समेत सहभागी गराई बर्थिङ सेन्टरबाट प्रदान हुने सेवा सुविधाबारे जानकारी गराइएको थियो।

बर्थिङ सेन्टरबाट गाउँपालिकाभित्र पर्ने साविकका बबरगञ्ज, किसनपुर र मोहनपुर गाविसका स्थानीयवासी लाभान्वित हुने चन्दनगर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकप्रसाद भट्टराईले जानकारी दिनुभयो। लामो प्रयासपछि उपकरण जुटाएर बर्थिङ सेन्टर स्थापना गर्न सफल भएको उहाँले बताउनुभयो।



बबरगञ्ज बर्थिङ सेन्टरको उद्घाटनमा सहभागी अतिथि। तस्बिर : जनार्जन खत्री

Like 0 Share 0 Tweet Print